C.S.(M)2013

A-BRL-M-OFQC

# NEPALI

## ( COMPULSORY )

*Time allowed :* ***Three*** *Hours*

*Maximum Marks :* ***300***

---

**Question Paper Specific Instructions**

***Please read each of the following instructions carefully before attempting questions :***

*All questions are to be attempted.*

*The number of marks carried by a question is indicated against it.*

*Answers must be written in* ***NEPALI*** *unless otherwise directed in the question.*

*Word limit in questions, wherever specified, should be adhered to and if answered in much longer or shorter than the prescribed length, marks may be deducted.*

*Any page or portion of the page left blank in the answer book must be clearly struck off.*

---

**Q1. तलको हरेक विषयमा 300 शब्दभित्र निबन्ध लेख्नुहोस् :** *50×2=100*

(क) हामी आफ्ना कार्यले सधै जीवित रहन सक्दैंनौ । *50*

(ख) समयमा न्यायको अभाव भयो भने कुनै पनि समाज जीवित रहन सक्दैन । *50*

**Q2. तलको गद्यांश राम्ररी पढ्नुहोस् अनि त्यहाँ दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् । उत्तर सही, सफा र संक्षिप्त हुनुपर्छ ।** *10×6=60*

पत्रकारितामाझ मतभेद आउनु भनेकोनै प्रशासनलाई सुविधाको बाटो खोलिदिनु हो किनभने त्यहाँ प्रेसको आफ्नो स्वतन्त्रता र शक्तिमा ह्रास आएको हुन्छ । पत्रकारितामा उच्च स्वर औ वृत नभएतापनि पाठक व श्रोताले मनन गरेपछि पत्रकारिताको सही लेखा-जोखा गर्दछन् र यसको प्रचार र प्रसारमा प्रतिकुल असर पर्न सक्छ । पत्रकारिताको शक्ति भनेकोनै दुर्ग्राह्य हुन्छ । यसको शक्तिमा ह्रास आयो भने समाचार पत्र बिक्री गरेर पैसा बटुल्नु औ प्रचार प्रसारको व्यापकता ल्याएर

सिर्जनात्मक कार्यमा सक्षम हुनु जस्ता कार्यबाट बञ्चित हुनुपर्छ । प्रचार र प्रसारको माध्यमबाट त यसको कमजोरी र विभिन्नता मात्र देखाउँछ । यो त सिनेमाको टिकटघरको निवेदन जस्तो मात्रै हो जसमा विभिन्न चरित्रहरूले बेग्ला-बेग्लै दिइएको चरित्र निभाएको हुन्छन् । व्यापारिक चलचित्रको सफलता भने केही भिन्न प्रकारको हुन्छ तिनीहरूले भिन्न कलात्मक निकायहरू अपनाएका हुन्छन् । प्रशंसाका ती कलात्मक निकायहरू उनीहरूले बाहिरी वातावरणमा भेटेका हुदैनन् । यो त सीमित अधिकारमै अधिग्रहण हुनु हो जो निम्न संख्यामा भएर पनि विजय वा निर्वाचित भए जस्तै हो । अब यहाँ दुइटा वस्तुको मतभेद देखापर्दछ, एउटा सर्वसम्मति द्वारा निर्वाचित अनि अर्को केही सीमित मानिसद्वारा दानस्वरूप निर्वाचितको । त्यसकारण सर्वसम्मति नभएको व्यक्तिका हातमा प्रशासन जान सक्छ । यसको सुधारको निम्ति प्रेसले शैक्षिक उद्देश्यले एउटा कार्ययोजना तयार पार्नु पर्ने हुन्छ ताकि दुवै किसिमको एउटै स्तरमा लेखा-जोखा गरेर एउटै फलप्रसु देखाइनु आवश्यक छ ।

(क) लेखकले तुलना गरेका दुइटा वस्तु के के हुन् ? *10*

(ख) जनसाधारणले समाचार पत्र प्रति के कस्तो प्रतिक्रिया देखाउँछन् ? *10*

(ग) लेखकले के कस्तो निकाय वा अश्त्रको उल्लेख गरेका छन् ? *10*

(घ) लेखकका अनुसार समाचार पत्रको उद्देश्य के कस्तो हुनु पर्दछ ? *10*

(ङ) के कस्ता जनसाधारणलाई लेखकले अग्राह्य गरेका छन् ? *10*

(च) समाचार पत्रको अगुणवत्ताले के कस्तो नराम्रो प्रभाव पार्न सक्छ ? *10*

**Q3. तलको गद्यांशलाई एक-तिहाई भाग छोटो पारेर प्रस्तुत गर्नुहोस् । निर्धारित शब्द सीमा भित्र लेख्न नसकेमा अङ्क घटाइन सक्छ । भाव सङ्क्षेपण यसका निम्ति दिइएका छुट्टै पानामा लेख्नुपर्छ ।** ***60***

वर्तमान विश्वमा 'नेशन' र 'नेशन-स्टेट' ले द्विविधा उत्पन्न गराएको छ । नेशन-स्टेटलाई सजिलो परिभाषा के दिन सकिन्छ भने त्यो विश्वका राजनैतिक संगठनको एउटा मूलभूत एकाई हो । त्यो संप्रभुताको परिचायक र संयुक्त राष्ट्र-संघ (UN) को एउटा एकाई हो जसलाई अंग्रेजी भाषाको शब्दमा 'कंट्रीज़' (देश) भनिन्छ । यसलाई सजिलो अर्थमा स्टेट पनि भन्न सकिन्छ तर दुर्भाग्यवश एउटा देशका ससाना एकाई लाई पनि स्टेटको संज्ञा दिइन्छ ।

यसले संप्रभुता सम्पन्न देश र देशका ससाना राज्यमाझ एकाकार गरिदिएर विभ्रान्त सृष्टि गरेको छ र वर्तमान संसारमा प्रकृत संप्रभुतामाथि आगोमा घीउको काम गरेको छ । प्रकृतमा सबै राष्ट्र-संघले संप्रभुता सम्पन्नको ओहोदालाई अन्तर्राष्ट्रिय संगठनहरूले छत्र-छायाँ दिएर घेरेको पाइन्छ, तर अरू-अरू

भन्दा बढ़ी UN लाईनै उदाहरण को रूपमा देखा परेको छ आफ्नो वर्चस्वलाई कायम राख्न । स्टेटहरूको माझमा शक्ति सम्बन्ध र मैत्रीभाव स्थापना गर्ने क्रममा भने द्विविधा भएको छ । एकातिर यसले कतिपय ठूला मुलुकलाई वृहत् शक्ति प्रदान गरेको छ । अर्कातिर ससाना मुलुकहरू तथा अन्तर्राष्ट्रिय संगठनहरू नराम्रो किसिमले थिचिएका छन् र तिनीहरूको धेरै क्षेत्रमा आफ्नो आत्मनिर्भरशीलता घटेको छ ।

धेरै नेशन-स्टेटहरू आफूलाई देश वा नेशन भन्ने चिनारी दिन खोज्दछन्, त्यसकारण हामी उनीहरूको बोक्रेपनलाई किन देखावटी वा मुखौटे नभन्ने ? यो सम्भव छैन किनभने तिनीहरूलाई विभिन्न क्षेत्रमा पृथक गर्न सकिन्छ, एउटा नेशन-स्टेटलाई न्यायिक परिभाषित गर्नुपर्दा त्यसको श्रेय जनसंख्यालाई दिनुपर्दछ । जब आधुनिक जनसंख्यालाई देश वा नेशन मान्नु पर्दा साधारण रूपमा नेशन-स्टेटमा गोष्ठीय आघात पर्न सक्छ, देशका निम्ति वा देशको परिभाषाका निम्ति नेशन-स्टेट सीमित परिधिहुन जान्छ र धेरै जसो मानिसले संयुक्त राष्ट्र-संघ, पूर्व सोभियत संघ जस्तै – जर्जियन, लिथुनियन र उक्रानियन, को जनसंख्याले आफ्नो सत्ता तथा स्वतन्त्रता हासिल गरेका थिए त्यसैले त्यो जनसंख्यालेनै वास्तविक परिभाषित गरेको थियो जस्तै – स्कटलैंड त्यहाँको बृहत् जनसंख्याले एउटा देशको परिचय दिन सक्षम भएको थियो, केही भिन्नताका साथ स्वायत्तताका निम्ति काफी हो । यद्यपि पोलिटी (Polity) वर्तमानको नेशन-स्टेटका निम्ति पुरानो पद्यति भएको छ, कतिपय विश्वका देशका क्षेत्रका निम्ति । जस्तै, चीन, भारत तथा मध्यवर्तीय इलाका देशका निम्ति, जहाँ धेरै पुराना संघीय संगठनहरू छन त्यहाँ अहिले ससाना इलाकाका प्रभुत्वले अधिकार चलाउन सक्षम भएका छन् । अधिको राजनीतिमा विकसित भएका मुलुकहरू अहिलेको नयाँ विचारधारायुक्त नेशन-स्टेटमा सक्रिय छन् र तिनीहरू धेरै सम्पन्न भएर आधुनिक समयमा आफ्नो वर्चस्व कायम राखेका छन् । अस्ट्रो-हंगेरियन, रसियन र अटोमन इम्पायर्स ले 1917/1918 सम्म त्यहाँको राजवंशले आफ्नो वर्चस्व राख्न सक्षम भएको थियो किनभने त्यहाँको जनतामा साझा राष्ट्रिय चिनारी थिएन अनि सोभियत युनियनले 1991 सम्म यस्तै किसिमले राजत्व गरे अपितु त्यहाँ धेरै राज्य वा देशहरूको शामिलीकरण थियो । आजको सन्दर्भमा नेशन-स्टेट र नेशन भन्ने कुरालाई सजिलै कसैले पचाउन सक्दैन जबकि सबै ठाउँका सरकारले त्यति सजिलो अर्थमा एकाकार गर्दैनन् । धेरै जसो राज्य वा देशका नागरिकले आफ्नो देशको परिचयमा त्यस्तो सस्तो व्याख्यालाई स्वीकार गर्न खोज्दैनन् । ब्रिटेनमा धेरै स्कोटिस र वेल्सहरू स्कोट्स र वेल्सको चिनारीलाईनै प्राथमिकता दिन खोज्छन् नकि समग्र ब्रिटेनको । अर्थात तिनीहरू स्कोटिस ब्रिटिस र वेल्स ब्रिटिस भन्नेर आफ्नो चिनारी दिन खोज्छन् । अरब देशमा पनि धेरै

अरबीयनहरू आजको संघीय राष्ट्रियता जो परिभाषित भएको छ, मात्र खोज्दैनन् – जस्तै इराकदेखि मरक्का र दक्षिणी एमान ।

धेरै मानिसहरूकालागी राष्ट्र विहीन परिचय आफ्न्तो भएको छ । राष्ट्रिय परिचय अतिकमजोर अमहत्वपूर्ण भएको देखा पर्दछ त्यो हामी उल्लेख गर्न सक्छौ अमेरिकन कि अफ्रिकाको जातीय गोष्ठी (ट्राइब) ।

यद्यपि नेशन-स्टेट र नेशन नागरिकका निम्ति चिनारीको साधन बन्न सक्दैन तर विशेष सम्पर्कित भने अवश्य हुन् । अन्थनी स्मीथ (हेर्नुहोस-स्मीथ 1991) ले देश वा नेशनलाई जातीय गोष्ठीद्वारा संगठित र जातीय गोष्ठीको परिचय सहित विकसित साझा राष्ट्रिय परिचयको विचारधारालाई देशभित्रनै बढ़ावा दिने कुरालाई मान्यता दिएका छन् । (545 शब्द)

**Q4. तलको गद्यांशलाई नेपालीमा अनुवाद गर्नुहोस् :** *20*

Raman completed school when he was just eleven years old and spent two years studying in his father's college. When he was only thirteen years old, he went to Madras (which is now Chennai), to join the B.A. course at Presidency College. Besides being young for his class, Raman was also quite unimpressive in appearance and recalls, '... in the first English class that I attended, Professor E.H. Elliot addressing me, asked if I really belonged to the junior B.A. class, and I had to answer him in the affirmative.' He, however, stunned all the sceptics when he stood first in the B.A. examinations.

Seeing what a brilliant student he was, his teachers asked him to prepare for the Indian Civil Services (ICS) examination. It was a very prestigious examination and very rarely did non-Britishers get through it. Yet Raman had impressed his teachers so much that they urged him to take it up at such an early age. In spite of their student's brilliance, the plan was not to work. Raman had to undergo a medical examination before he could qualify to take the ICS test and the Civil Surgeon of Madras declared him medically unfit to travel to England ! This was the only examination that Raman failed, and he would later remark in his characteristic style about the man who disqualified him, 'I shall ever be grateful to this man,' but at that time, he simply put the attempt behind him and went on to study Physics.

**Q5.** **तलको गद्यांशलाई अंग्रेजीमा अनुवाद गर्नुहोस् :** *20*

पैसा भनेको कुनै वस्तु क्रय गर्दा एउटाबाट अर्काको हातमा सजिलैसित जाने भनेर परिभाषित गरिन्छ । यसलाई कुनै वस्तुको विनिमयको प्रक्रियामा व्यवहार गरिन्छ हुन त यसको उचित मूल्य निर्धारण गर्ने क्रममा कठिनाई त अवश्य छ तर दुवै पक्षले यसलाई विनिमयको माध्यम मानेर स्वीकार गरेका छन् । विनिमयको प्रक्रियामा श्रमिकको उचित मूल्याङ्कन र उत्पादनको क्षेत्रमा यसको महत्व छ । पैसाको जे सुकैको विनिमयमा कानुनी स्तर सम्म यसको व्यवहार गरिन्छ । यसको अतिमहत्वपूर्ण चरित्र चाहिं के हो भने यो जहाँपनि स्वतः स्वीकारयोग्य हुन्छ । आदिम समाजमा गाई, धान, शंखका बोक्रा, चियापत्ती प्रयोग गरिन्थ्यो तर आजको सभ्य समाजमा धातु र कागजका पैसाहरू बनाएर चलाउने प्रचलन छ । यस्ता किसिमका मुद्रा वा नोटहरू बहुमुल्य धातु र कागज का बनाइन्छ किनभने यसको टिकाऊलाई ध्यानमा राखेर यसको प्रयोग गरिन्छ । यसमा प्रयोग गरिने धातु, सुन, चाँदी, ताँबो र निकल हुन्छ । कागजी नोट विभिन्न प्रयोगमा ल्याँउदा विभिन्न किसिमका पद्धतिद्वारा प्रयोगमा ल्याउन अनुमति प्रदान गरिन्छ । यो एउटा विनिमयको माध्यम भएकोले यसको मूल्य निर्धारण गरिन्छ औ लेनदेनको प्रक्रियामा असजिलो नहुन का निम्ति स्तर, नापजोख आदि सुचारू रूपले गरिन्छ ताकि यसको अवमूल्यन् नहोस् । एउटा महत्वपूर्ण अन्तर के देखिन्छ भने मानक धन र सांकेतिक धनको । त्यो पहिलो चाहिं स्तरीय मूल्य जुन चाहिं जुन सुकै वस्तुसित तुलना गर्न सकिन्छ र त्यसले मूल्यको निर्धारण गर्छ, अनि त्यो मानक धन वस्तुमाथि निर्भर गर्छ । तर सांकेतिक धन भनेको अथवा कागजी नोट कानुनी तौरमा मूल्य प्राप्त गरेर निजी मूल्यनको बाहेकै अधिकार प्राप्त धन हो ।

**Q6.** **(i)** **तलका उखानको अर्थ खोल्नुहोस् :** *2×5=10*

(क) बाँदरका हातमा नरिवल *2*

(ख) नाङ्लो ठटाई हात्ती तर्साउनु *2*

(ग) न लूतो न कन्याई *2*

(घ) पानी पनेरो हुनु *2*

(ङ) कुकुरलाई मासु पैंचो *2*

(ii) तलका शब्दहरूको विपरीतार्थक शब्द लेख्नुहोस् : $2 \times 5 = 10$

(क) अनुराग 2

(ख) भद्र 2

(ग) सक्रिय 2

(घ) बन्धन 2

(ङ) सत् 2

(iii) तलका शब्दहरूका तीन-तीन पर्यायवाची शब्द लेख्नुहोस् : $2 \times 5 = 10$

(क) ईश्वर 2

(ख) अग्नि 2

(ग) असुर 2

(घ) पिता 2

(ङ) रूख 2

(iv) तलका श्रुतिसम शब्दका भिन्नार्थ स्पष्ट पार्नुहोस् : $2 \times 5 = 10$

(क) अनु/अणु 2

(ख) आशु/आँसु 2

(ग) चित्त/चित 2

(घ) देश/द्वेष 2

(ङ) दाम/डाम 2